आज मिति २०७७ असार १२ गते शुक्रबारबारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निमबहादुर के.सी.ज्यूको अध्यक्षतामा दार्मा गाउँ कार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा बसि तपसिलका प्रस्तावहरुमा छलफल गरि देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

<u>उपस्थिति</u>:

| | |
|---|---|
| १. श्री निमबहादुर के सी | अध्यक्ष |
| २. श्री टीका शर्मा वली | उपध्यक्ष |
| ३. श्री अमृत खडका | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ४. श्री कविकुमार चन्द | सदस्य |
| ५. श्री डिल्ली वहादुर के सी | सदस्य |
| ६. श्री सेतिराम रोकाहा | सदस्य |
| ७. श्री चन्द्रबहादुर रावत | सदस्य |
| ८. श्री राम वहादुर के सी | सदस्य |
| ९. श्री दुर्गा वहादुर मल्ल | सदस्य |
| १०. श्री सन्ताराम कामी | सदस्य |
| ११.श्री अमृता कामी | सदस्य |
| १२. श्री मञ्जु शाही | सदस्य |
| १३. श्री जुना मल्ल चन्द | सदस्य |
| १४. श्री देवी खत्री | सदस्य |
| १५. श्री धनीराम नेपाली | सदस्य |
| १६. शेरप्रसाद ढकाल | शिक्षा अधिकृत |
| १७. किरण गौतम | रोजगार संयोजक |
| १८. खुम बहादुर के. सी. | जिन्सी शाखा प्रमुख |

## प्रस्तावहरु

प्र.न. १ - मुख्यमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

प्र.न. २ - बजेट सम्बन्धमा ।

प्र.न. ३ - शिक्षक काज सम्बन्धमा ।

प्र.न. ४- बिद्यालय अनुमति सम्बन्धमा ।

प्र.न. ५- गाउँसभा स्थगन गर्ने सम्बन्धमा ।

प्र.न. ६- स्वाव संकलन गर्ने सम्बन्धमा

## निर्णयहरु

निर्णय नं १ : प्रस्ताव नं १ मा छलफल गर्दा यस मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सुर्खेतको मिति २०७७।०३।०९ गतेको निर्णय अनुसार ३९७८०००। थप बजेट दोस्रो चरणमा निकासा भइ आएको हुदा कार्यान्यनको लागि (मुख्य मन्त्री रोजगार कार्यक्रम दोस्रो चरण ) अन्तर्गत तपसिलका योजनाहरुमा तपसिल अनुसारको संख्यामा बेरोजगार नागरिकहरुलाई काममा लगाउने निर्णय पारित गरियो ।

तपसिल

| क्र.स. | योजनाको नाम | ठेगाना | रोजगार संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | सिमलपुर बरपीपल पदमार्ग निर्माण | वडा नं १ | १० जना | |
| २ | मैदान ढाँकाबारा ओजाबाङ | वडा नं १ | ३२ जना | |
| ३ | झ्यारिवाङ - दार्माकोट स्वास्थ्य चौकी पैदलमार्ग | दार्मा - २ | २२ जना | |
| ४ | सिमलापाखा फापरडाँडा गोरेटो बाटो | वडा नं २ | १० जना | |
| ५ | भुवनटाकुरी रानागाउँ (ओजाबाङ) पदमार्ग | वडा नं २ | १० जना | |
| ६ | नबिल बैंक - लेखागाउँ - चम्फुटाकुरा सडक | वडा नं ३ | ४२ जना | |
| ७ | मौलोहाले - रतिखोला सडक मर्मत | दार्मा -४ | २० जना | |
| ८ | खागल - ठुलागैरा - गलाँत - रातामाटा सडक | दार्मा -४ | २२ जना | |
| ९ | बाघखोर- ढाकाडामकोट - साङ्ट - झ्यारिवाङ सडक मर्मत | दार्मा -५ | १०० जना | |
| १० | बाघखोर - मलिक्चा - ज्यामिरेचौर | वडा नं ६ | २० जना | |

| ११ | सतिपोले - भुर्तिवाङ - गोठीवन | वडा नं ६ | २२ जना | |
|---|---|---|---|---|

**निर्णय नं २ :** प्रस्ताव नं २ मा छलफल२गर्दा आ.ब. २०७७/ ०७८ मा संचालन गरिने कार्यक्रम तथा योजना संचालनको लागि आवश्यक बजेटलाई अन्तिम रुपमा दिइ अनुमोदनका लागि गाउसभामा पेश गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं ३ :** प्रस्ताव नं ३ मा छलफल शिक्षा शाखामा काजमा रहनुभएका श्री जनज्योति माध्यमिक विद्यालय फारुलाचौर सल्यानको माध्यमिक तह तृतीय श्रेणी स्थायी शिक्षक पदमा कार्यरत शिक्षक श्री रोमप्रसाद पाण्डेय शिक्षा युवा तथा खेलकुद शाखामा काजमा खटिइ तोकिएको कार्यसम्पादन गर्दै आउनु र शिक्षा शाखा अन्तर्गतका कामकाजमा सहजीकरणका साथै बिद्यालय सुपरिवेक्षण गर्न आवश्यक देखिएको हुदा निजलाई अर्को व्यवस्था नभएसम्मका लागि शिक्षा युवा तथा खेलकुद शाखा अन्तर्गत नै विद्यालय सुपरीवेक्षकको जिम्मेवारी दिई काजमा खटाउने निर्णय गरियो ।

निर्णय नं. ४ : प्रस्ताव नं ४ मा छलफल गर्दा कोभिड १९ लक्षित खाद्य सुरक्षाका लागि उत्पादन विशेष कार्यक्रम संचालन कार्यविधि २०७७ अनुसार तरकारी खेतीका प्लाष्टिक घर निर्माण, गह्रा सुधार,बाँझो जग्गाको प्रयोग तथा खेर गइरहेको ऐलानी, बुट्यान र पर्ती जग्गा तरकारी, फलफुल, डालेघाँस र खाद्यान्न खेती गर्न चाहने कृषक, उद्यमी, लक डाउनको कारण कृषि उपज बिक्रि वितरण गर्न नसकेका व्यवसायी, जिल्लाबाहिर वा भारत लगायत तेस्रो मुलुकबाट फर्केका यूवा वा युवाहरुको समुह, कृषक समुह र कृषि सहकारी संस्थाहरुबाट प्रस्ताव आह्वानको लागि मिति २०७७।०३।०५ गतेको प्रकाशित सूचना अनुसार प्राप्त ३७ आवेदन मध्ये प्रक्रिया पुरा गरेका सबै आवेदन स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : प्रस्ताव नं ५ मा छलफल गर्दा नवसर्वसाधारण आ.बि. दार्मा - ४ रातामाटालाई शैक्षिक सत्र २०७७ बाट कक्षा ९ (नौ ) संचालन गर्ने गरि माध्यामिक तह संचालन गर्न दिने शिक्षा समितिको मिति २०७७।०३।१२ गतेको निर्णय अनुमोदन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ६ : प्रस्ताव नं ६ मा छलफल गर्दा दार्मा गाउँपालिकामा कार्यरत जनप्रतिनिधि र कर्मचारीहरुमध्ये केही जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई कोरोनना भाइरस कोभिड संक्रमण पोजेटिभ देखिएको हुदा २०७७।०३।१५ गते संचालन हुने भनिएको गाउँसभा अर्को सूचना नहुदासम्मको लागि स्थगित गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : प्रस्ताव नं ७ मा छलफल मिति २०७७।०३।१६ गतेको दिन बिहान १० बजे जनप्रतिनिधि, कर्मचारीहरु र क्वारेन्टाइनमा कार्यरत स्वयंसेवकहरु क्वारेन्टाइनमा बसेकाहरुको कोरोना भाइरस (covid 19) संक्रमण परिक्षणको लागि स्वाव संकलन गर्न दार्मा गाउँपालिकाको कार्यालय परिसरमा संचालन गर्ने निर्णय गरियो ।